## दशौं राष्ट्रिय परेवा उडान प्रतियोगिता २०६६ का नियमहरु :

१. प्रतियोगितामा सहभागी हुन परेवा पालक नेपाल परेवा पालक संघको सदस्य हुनु जरुरी छ भने संघका सदस्यहरुले आफ्नो सदस्यता नविकरण गराएको हुनु पर्नेछ ।

२. प्रतियोगितामा भागलिन न्यूनतम पाँच र अधिकतम सात वटा परेवाहरु हुनु जरुरी छ । जसमा पाँच अधिकतम उडेका परेवाहरुको उडान समय गणना हुनेछ भने बाँकी दुई वटा अतिरिक्त परेवाहरुका रुपमा रहनेछन् ।

३. प्रतियोगिले प्रतियोगितामा आफूले परेवाहरु उडाउन तोकेको घरबाट विशेषकारणवश उडान गर्न नसकिने अवस्था आएमा प्रतियोगिता शुरु हुनु एक हप्ता अगाडिनै केन्द्रिय कमिटीलाई लिखित जानकारी गराउँनु पर्नेछ ।

४. प्रतियोगिताको अवधि बिहान छ बजेदेखि साँझ सात बजेसम्म हुनेछ । प्रतियोगीले परेवाहरु बिहान दश बजेसम्ममा उडाई सक्नुपर्नेछ भने प्रतियोगितामा समावेश गरेका परेवाहरु एकै समयमा उडाउनु पर्नेछ ।

५. प्रतियोगीले परेवाहरुलाई प्रतियोगिता हुने दिन अघिनै रङ्ग लगाई तयार राख्नुपर्ने छ । रङ्ग लगाउँदा परेवा उड्दा र बस्दा प्रष्ट देखिने गरी लगाउनु पर्नेछ भने रङ्ग एकै प्रकारको हुनु जरुरी छ ।

६. परेवाहरु उडाएको समयदेखि दश मिनेटसम्म निर्णायको अनुमतिमा झण्डा वा कपडाको सहयोगमा धपाउन पाउनेछ । उडाइएका परेवाहरु एक घण्टाभन्दा कम समयमा नै अवतरण गरेमा त्यस्ता परेवाहरुको समय गणना हुने छैन र स्वतः बाहिरिएको मानिने छ ।

७. प्रतियोगिता शुरुगर्दा उडाइएका परेवाहरु यदि नजिकरहेका घरमा गएर बसेमा प्रतियोगीले पाँच मिनेटभित्र निर्णायकले देखिने गरी उडाई सक्नुपर्नेछ अन्यथा उक्त परेवाहरु प्रतियोगिताबाट स्वतः बाहिरीएको मानिनेछ ।

८. परेवाहरु तलतलबाट प्रतियोगीको घरको कावा छोडेर टाढा उडेर गएमा त्यस्ता परेवाहरु दश मिनेटभित्र आकाशमा देखिनु जरुरी छ ।

९. परेवाहरु नदेख्ने गरी आकाशमा दबेर गएको पाँच घण्टा भित्र देखिनु जरुरी छ । पाँच घण्टा भित्र आकाशमा नदेखिएका परेवाहरुलाई प्रतियोगिताबाट स्वतः बाहिरिएको मानिने छ ।

१०. परेवाहरु उडाएको तीन घण्टापछि प्रतियोगीले पाँचवटा पखेटा काटेको वा पखेटा सिलाइएको (कावा लिन नस्क्ने) परेवाहरु अनिवार्य छोड्न पार्ने छ तर छोडिसकेका परेवा पछि थुन्न पाउँने छैन ।

११. प्रतिकुल मौसमको कारण वा उडाइएका परेवाहरु एक घण्टा भित्र कम्तीमा चार वटासम्मलाई बाज, जमल आदिले गाडिदिएमा त्यस्ता प्रतियोगीले पुनः परेवा उडाउन पाउने व्यवस्था छ । पुनः संचालन भएको प्रतियोगिता फेरी मौसमका कारण स्थगित भएमा एक हप्ता भित्र दोस्रो उडाउने अवसरका लागि केन्द्रिय कमिटिकोले निर्णय गरिने छ ।

१२. परेवाहरु अवतरण गर्दा प्रतियोगीको घर बाहेक नजिक रहेका अन्य दुई घरहरुमा ओर्लिने गरेको छ भने परेवा उडाउनुअगावै उडान फारममा लिखित जानकारी टिपाउनु पर्नेछ । यसरी जानकारी टिपाएको घरहरुमा ओर्लिएका परेवाहरु प्रतियोगिताको अवधिभित्र प्रतियोगीको घरमा फर्कनु पर्ने छ अन्यथा त्यस्ता परेवाहरु प्रतियोगिताबाट बाहिरिएको मानिने छ ।

१३. परेवाहरु अन्य घरमाथि मात्रै कावा खाँदै उडेमा, प्रतियोगीले अन्य परेवापालकको परेवाहरु उडाएको साबित भएमा उक्त प्रतियोगीलाई प्रगियोगीताबाट निलम्बित गर्ने अधिकार निर्णायकलाई हुनेछ ।

१४. एकै घरबाट बढिमा तीन परेवापालकहरुले प्रतियोगितामा भिन्नभिन्नै दिनमा भाग लिन सक्ने छ ।

१५. निर्णायकहरुलाई सही निर्णय गर्न प्रतियोगिता दिन प्रतियोगीको घर आसपास रहेका परेवा पालकहरुलाई आफ्नो परेवा नउडाई दिनुहुन संघको केन्द्रीय कार्यसमिति हार्दिक अनुरोध गर्दछ ।

१६. दबेर गएका (नदेख्ने गरी) परेवाहरु लामो समय (लगभग एक घण्टा भन्दा बढी समयसम्म) आकाशमा नदेखिएको अवस्थामा उक्त परेवाहरु टिक टिक अवस्थामा नै देखिने गरी अवतरण गर्नु

पर्ने छ र  निर्णायकले उक्त परेवाहरुको आवश्यक निरीक्षण गरी सहि, इमान्दार र न्यायपूर्ण निर्णय गरिने छ ।

१७. घरमा खटेका निर्णायकहरु (दुई व्यक्ति) लाई प्रतियोगीले चिया र खानाको व्यवस्था गर्नुपर्ने छ ।

१८. निर्णायकको निर्णय नै अन्तिम निर्णय हुने छ ।

१९. माथि उल्लेखित नियमहरुबाहेक अन्य कुनै किसिमको विवाद उत्पन्न भएमा विधानअनुसार केन्द्रीय कार्यसमितिले अन्तिम निर्णय गर्ने अधिकार प्रमुख निर्णायकमा निहित गरेको छ ।

२०. निर्णायकहरुका बिरुद्ध कुनै प्रकारको अनियमितता वा जालसाजी गरेको भन्ने लिखित उजुरी परेमा त्यस्ता निर्णायकलाई संघको केन्द्रीय कार्यसमितिले छानविन गरि दोषी ठहर भएमा आवश्यक कारवाही गर्नुको साथै नेपाल परेवा पालक संघको सदस्यताबाट समेत अनिश्चितकालका लागि निलम्बन गरीने छ ।

२१. प्रतियोगिता सञ्चालन भैरहेको कुनै पनि समयमा प्रतियोगीको घरमा छड्के जाँच गर्न आउने अधिकार प्रमुख निर्णायकले खटाएको व्यक्तिलाई हुनेछ ।

२२. मुख्य निर्णायक र सहायक मुख्य निर्णायकको काम र कर्तव्य केन्द्रिय कार्य समिति प्रति उत्तरदायी रहने छ ।

## प्रतियोगीको काम, कर्तव्य र अधिकार :

१. प्रतियोगिताको दिन प्रतियोगिको घरमा निर्णायकहरु समयमा नै उपस्थित नभए प्रतियोगिले अविलम्ब फोनमार्फत प्रमुख निर्णायकलाई खबर गर्न सकिने छ ।

२. परेवाहरुको तथ्यांक बिवरण फारममा प्रतियोगि आफैले परेवाहरुको भरी प्रतियोगिताको दिन तयार राख्नु पर्नेछ ।

३. प्रतियोगिता संचालन भईरहेको समय आफ्नो घरमा मध्यपान लगायत अन्य नसायुक्त पदार्थको सेवन गर्न र गराउन पाइने छैन ।

४. घरमा खटेका निर्णायकहरुलाई दबाव, धम्की दिएमा वा खेलमा जालसाजी गरेमा त्यस्ता प्रतियोगीलाई कुनै पनि समय प्रतियोगिताबाट निलम्बन गर्ने अधिकार प्रमुख निर्णायकमा हुनेछ । प्रतियोगीले संघको आस्थामै आँच आउने खालको जालसाजी गरेको प्रणामित भएमा कम्तीमा दुई बर्षका लागि प्रतियोगितामा प्रतिबन्धित गरिने छ ।

५. प्रतियोगी प्रतियोगिता सञ्चालन भएको समय निर्णायकको अनुमति बगेर कौसी, छोडेर तल जान पाउने छैन । यदि कुनै जरुरी कामले घर छोडेर जानुपर्ने भएमा प्रतियोगिले कुनै अर्को सदस्यलाई “प्रतियोगिको” निमित्त तोकेर मात्र अन्यत्र जान पाउने छ ।

## निर्णायकहरुको काम, कर्तव्य र अधिकार :

१. निर्णायकहरुले नेपाल परेवापालक संघको कार्यसमितिले पारित गरेको उडान नियम अनुसार नै सञ्चालन गर्नुपर्ने छ ।

२. निर्णायकहरु प्रतियोगीको इच्छा अनुसार बिहान छ देखि दश बजेभित्र प्रतियोगीको घरमा पुगी प्रतियोगिले भरेको परेवाको बिवरण फारम जाँच गरी, आवश्यक तथ्याङ्क रुजु गरी प्रतियोगीको नाम र हस्ताक्षर उडान फारममा प्रतियोगिता शुरुहुनु अगावै तयार गरीसक्नु पर्नेछ ।

३. निर्णायक र सहायक निर्णायकहरुले परेवामा लगाउने विषेश छाप, घडी र फाइल, कलम, आवश्यक कागजात प्रतियोगीले एक दिन अगाडिनै लिईसक्नु पर्नेछ । परेवामा लगाइने विशेष छाप चिन्ह एकप्रति देखिने गरी उडान फारममा पनि लगाउनु पर्नेछ ।

४. परेवामा बिशेष छाप लगाउँदा परेवा उडेर घर फर्कने बेलासम्म स्पष्टसँग देखिने गरी लगाउनु पर्दछ ।

५. प्रतियोगितामा निर्णायकहरु परेवा अवरतण गर्दा सजिलैसँग देखिने स्थानमा बस्ने छ भने प्रतियोगिताको दिन प्रतियोगीको कौसीमा निर्णायक, प्रतियोगी मात्र परेवा अवरतण गर्ने ठाउँ (बैठक) नजिक बस्न पाउने छ ।

६. प्रतियोगीको घरको कौसीमा दर्शकहरुको भीड भएको खण्डमा प्रतियोगी र निर्णायकहरुले हटाउन सक्नेछन् ।

७. परेवाहरुको उडान समय जोडअंक हुनेगरी मिलाएर गर्नुपर्ने छ, भने परेवाहरुको अवतरण गरेको समय अंक र अक्षर दुवैमा खेल्नुपर्ने छ ।

८. प्रतियोगीले जालसाजी गरेको शंका भएमा, सही निर्णय गर्न कुनैपनि प्रकारको समस्या देखापर्न गएमा प्रमुख निर्णायकलाई अविलम्ब फोन मार्फत सम्पर्क गर्न सकिनेछ र निर्णायकले उक्त कुरा छुट्टै कागजमा लिखित टिपोट गर्न सक्नेछन् ।

९. निर्णायकहरु प्रतियोगिता सञ्चालन भैरहेको सययमा कुनै जरुरी कामले प्रतियोगीको घर छोडर जानुपर्ने भएमा प्रमुख निर्णायकलाई खबर गरेरमात्र जान पाउने छन् ।

खेलको नियम, मर्यादा र अनुशासन पालना गर्नु नै सच्चा परेवा पालकको चिनारी हो, त्यसैले उडान प्रतियोगितालाई स्वच्छ, मनोरञ्जनात्मक र वाद-विवादरहित बनाऔं ।

Email: nepal@tippler.com URL: www.tipplers.com/nepal